मानव अधिकार रक्षकका लागि स्रोत पुस्तिका तथा तालिम निर्देशिका

DCA actalliance

सङ्केत INSEC

मानव अधिकार रक्षकका लागि स्रोत पुस्तिका तथा तालिम निर्देशिका

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

मानव अधिकार रक्षकका लागि स्रोत पुस्तिका तथा तालिम निर्देशिका

प्रकाशन मितिः २०७७

सङ्ख्याः २ हजार प्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः इन्सेक

लेखक तथा सङ्कलनः अधिवक्ता अच्युत आचार्य

सम्पादनः मदन पौडेल

संयोजनः सरीता पुरी

भूमिका

संसारभरका मानव अधिकार रक्षकहरूको अधिकार र उनीहरूको सुरक्षाका लागि मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ जारी भएको ५० वर्षपछि संयुक्त राष्ट्रसङ्घले सन् १९९८ डिसेम्बर ९ मा मानव अधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्र-१९९८ जारी गरेको थियो । घोषणापत्रमा मानव अधिकारको रक्षा र संवर्द्धनका लागि क्रियाशील रहने व्यक्तिलाई मानव अधिकार रक्षक भनेर परिभाषित गरिएको छ । संसारभर डिसेम्बर ९ मा मानव अधिकार रक्षक दिवस मनाइन्छ । यसै सन्दर्भमा नेपालमा पनि मानव अधिकार रक्षकका अधिकारका सम्बन्धमा विविध क्रियाकलापहरू हुने गरेका छन् । संयुक्त राष्ट्रसङ्घको सदस्य भएका नाताले नेपाल घोषणापत्रको पक्ष राष्ट्र हो । घोषणापत्रमा उल्लेख गरिएका व्यवस्थाको परिपालना गर्नु नेपाल सरकारको दायित्व हो ।

नेपालमा मानव अधिकार रक्षकहरूको संरक्षणका लागि छुट्टै कुनै कानुनी वा संस्थागत संयन्त्र नभएको अवस्थामा आमनागरिकले नेपालका नागरिकसरह पाउने संरक्षण र अधिकार नै मानव अधिकार रक्षकहरूको अधिकारका रूपमा लिनुपर्ने अवस्था छ । नेपालको संविधान, नागरिक अधिकार ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, कानुन व्यवसायी परिषद् ऐन, समाज कल्याण परिषद् ऐन, संस्था दर्ता ऐन, ट्रेड युनियन अधिकारका सम्बन्धमा ट्रेड युनियन ऐन, श्रम ऐन र अन्य कानुनहरूमा नागरिकका यस्ता अधिकारको व्यवस्था गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगको 'मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९', राष्ट्रिय मानव अधिकार आयोगको कानुनलगायत अन्य मानव अधिकार निकायहरूका कानुनहरू पनि मानव अधिकार रक्षकको अधिकार संरक्षणका लागि उपयोग गर्न सकिने अवस्था रहेको छ । त्यसैगरी, विभिन्न पेसागत समुदायको कानुन तथा निर्देशिकाहरू पनि पेसागत हकहितका लागि उपयोगी रहेका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार रक्षकको अधिकार सुरक्षा तथा क्षमता अभिवृद्धिका बारेमा लामो समयदेखि वकालत गर्दै आएको छ । मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूमा प्रत्याभूत

गरेका विविध मानव अधिकारका विषयहरूलाई प्रत्येक व्यक्ति तथा नागरिकहरूले निर्वाधरूपमा उपभोग गर्न पाउने अवस्थाको सुनिश्चितता गर्ने कार्यमा यस संस्थाले भूमिका निर्वाह गरेको छ । मानव अधिकारको उपभोगको सुनिश्चिततासहित यसको सम्मान तथा संरक्षण गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मानव अधिकार रक्षकहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । समाज तथा राष्ट्रमा आइपरेका कुनै पनि विपत्ति, सङ्कट तथा द्वन्द्वहरूमा मानव अधिकारको सम्मान तथा संरक्षणको विषय कठिन हुन जान्छ । यस्तो अवस्थामा मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समुदायले निष्पक्ष तथा स्वतन्त्ररूपमा आफ्नो व्यवसायिक क्रियाकलाप गर्नुपर्ने हुन्छ । महामारी, सङ्कट तथा द्वन्द्वको अवस्थामा व्यक्तिगत तथा पेसागत समुदायको सदस्यका रूपमा मानव अधिकार रक्षकहरूको जीवन, स्वतन्त्रता, मर्यादासहित पेसागत जिम्मेवारी पनि सङ्कट पर्न जाने सम्भावना हुन्छ । विश्वका अनेकौं राष्ट्रहरूसहित हाम्रो देशमा पनि मानव अधिकार रक्षकहरूले कर्तव्य पालनाको सिलसिलामा अनेकौं सास्तीसहित जीवन नै गुमाउनु परेका प्रशस्त उदाहरणहरू छन् ।

मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वलाई विधिसम्मत स्थापित गर्न इन्सेकले राष्ट्रव्यापीरूपमा परामर्श गरेको थियो । यस विषयलाई वैधानिक रूपमा नै सम्बोधनको प्रयास गरेको सन्दर्भ म यहाँ स्मरण गराउन चाहन्छु । डीसीएको आर्थिक सहयोगमा यस संस्थाले मानव अधिकार रक्षकहरूको परिचय, हक तथा अधिकारसहित व्यवसायिक वृत्ति विकासको लागि चाहिने आधारभूत दक्षता तथा क्षमतासम्बन्धी विषय समेटेर मानव अधिकार रक्षकहरूको तालिम निर्देशिका तयार पारेको छ । निर्देशिका तयार पार्नु हुने अधिवक्ता अच्युत आचार्यलाई धेरै धन्यवाद दिन चाहान्छु । निर्देशिकाको सम्पादनका लागि मदन पौडेल, डिजाइनका लागि गीता माली तथा संयोजनका लागि सरीता पुरी धन्यवादको पात्र हुनुहुन्छ ।

निर्देशिकामा उल्लेख गरिएका विषयहरूउपर यहाँहरूबाट सुझाव सल्लाह प्राप्त हुने नै छ । निर्देशिकामा उल्लेख गरिएका विषयवस्तुले मानव अधिकार रक्षकहरूको वृत्ति विकास तथा क्षमता अभिवृद्धिमा सहयोग पुग्यो भने हामीले आफ्नो कर्तव्य पूरा भएको ठान्नेछौं ।

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

विषयसूची

१. मानव अधिकार रक्षकको परिचय ६

२. मानव अधिकार रक्षकका अधिकारहरू ९

३. मानव अधिकार रक्षकका दायित्व ११

४. मानव अधिकार रक्षकका चुनौती १२

५. महिला मानव अधिकार रक्षकका चुनौतीहरू १३

६. नेपालमा मानव अधिकार रक्षकहरूको वर्तमान अवस्था १४

७. मानव अधिकार रक्षकका लागि कानुनी व्यवस्था १५

८. राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकार रक्षकसम्बन्धी मार्ग निर्देशिका २०

९. सन्दर्भ सामग्रीहरू ३९

१०. अनुसूची: मानव अधिकारहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश २०७७ ४१

१ मानव अधिकार रक्षकको परिचय

मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्द्धनसहित यसको उल्लङ्घन हुन रोक्न स्थायी वा अस्थायी रूपमा क्रियाशील जो कोही व्यक्ति, समूह वा संस्थाहरूलाई मानव अधिकार रक्षकको रूपमा चिनिन्छ। कानुनको शासन, असल शासन, प्रेस स्वतन्त्रता, लोकतन्त्रिक मूल्य मान्यता लगायत मानव अधिकारका विविध विषयहरूमा सचेतना जगाउने, मानव अधिकार उल्लङ्घनबाट पीडित तथा प्रभावित भएकाहरूलाई सहयोग गर्ने, समग्र मानव अधिकार अवस्थाको अनुगमन तथा प्रलेखिकरण गर्ने तथा समग्र मानव अधिकार अवस्थाको सुदृढीकरणका लागि कार्य गर्ने व्यक्ति, समुदाय, समूह वा संस्थाहरू मानव अधिकार रक्षकको परिभाषा भित्र पर्दछन् । राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको "मानव अधिकार रक्षकसम्बन्धी मार्ग निर्देशिका (Guidelines), २०६९ ले व्यक्तिगत, समूहमा वा संस्थागत रूपमा मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान तथा परिपालनासम्बन्धी काममा संलग्न व्यक्तिलाई मानव अधिकार रक्षकको रूपमा उल्लेख गरेको छ। सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त कार्यमा संलग्न व्यक्तिलाई समेत जनाउँछ भनी जो कोही पनि जुनसुकै अवस्था तथा परिस्थितिमा मानव अधिकार रक्षकको भूमिकामा रहन सक्ने विषयलाई थप प्रष्टयाएको छ।

मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वको सम्बन्धमा बाध्यकारी प्रकृतिको अन्तर्राष्ट्रिय सन्धिहरूको अभाव भएकोले मानव अधिकार रक्षकको अधिकारहरूको सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, राजनीति तथा नागरिक अधिकारसम्बन्धी अनुबन्ध, महिला विरुद्ध भएका सबै खालका भेदभाव अन्त्यको लागि जारी गरिएको महासन्धि लगायतमा उल्लेख गरिएका व्यक्तिका मानव अधिकारहरूको आधारमा व्याख्या गर्नुपर्ने अवस्था छ।

यद्यपि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा ९ डिसेम्बर १९९८ मा प्रस्ताव नं ५३/१४४)मा "मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र-१९९८" पारित गरेपश्चात् यस विषयमा सैद्धान्तिक तथा

व्यवहारिक पहलहरू भएका छन् । यस घोषणापत्रमा मानव अधिकार रक्षकहरूको परिभाषा, अधिकार तथा कर्तव्यहरूको बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ । यस घोषणापत्रबमोजिम मानव अधिकार रक्षकको रूपमा "प्रत्येक व्यक्तिलाई व्यक्तिगत सामूहिक रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रवर्द्धन, संरक्षण र परिपालनाका लागि आवश्यक पहल तथा कार्य गर्ने अधिकार छ भनी उल्लेख गरि यसको दायरालाई फराकिलो बनाएको छ ।

मानव अधिकार रक्षकको अधिकारहरूको सम्बन्धमा बाध्यकारी कानुनको निर्माण हालसम्म गर्न नसके पनि संयुक्त राष्ट्रसङ्घले मानव अधिकार रक्षकहरूको अधिकारहरूको संरक्षण तथा संवर्द्धनका लागि केही व्यवहारिक कदमहरू चालेको पाइन्छ । यसै सन्दर्भमा सन् २००० मा राष्ट्रसङ्घीय तत्कालीन मानव अधिकार आयोगले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई विशेष प्रतिनिधिको नियुक्त गरी मानव अधिकार रक्षकहरू सम्बन्धित घोषणापत्रमा भएका व्यवस्थाहरूको कार्यान्वयनको दृष्टिकोणले अनुगमनसहितको कार्यहरूको लागि अनुरोध गरेबमोजिम राष्ट्रसङ्घीय संयन्त्रको रूपमा विशेष प्रतिनिधिको नियुक्ति भएको थियो । यो विशेष प्रतिनिधिको स्थापना भएपश्चात् विधिवत रूपमा संयुक्त राष्ट्रसङ्घीय संयन्त्रमा मानव अधिकार रक्षकहरूको विषयले प्रवेश पाएको थियो ।

त्यसैगरी, सन् २००८ मा राष्ट्रसङ्घले मानव अधिकार रक्षकहरूको अधिकारहरूलाई अझ सुदृढ बनाउनका लागि थप व्यवस्थाको रूपमा विशेष समाधीक्षकको नियुक्ति गर्ने व्यवस्था अवलम्बन गऱ्यो, जसलाई मानव अधिकार रक्षकहरूको अधिकारको हनन् लगायतका विषयमा उजुरी लिने र यसमा सरकार तथा अन्य सरोकारवालाहरूसँग जाँचबुझ तथा जानकारी लिने अधिकारहरूसमेत प्रदान गरियो । यस विषयलाई अझ परिष्कृत गर्न मानव अधिकारको उच्चायुक्तको कार्यालय (OHCHR) ले Fact sheet जारी गरी मानव अधिकार रक्षकहरूको सैद्धान्तिक पक्षहरूको बारेमा प्रष्टचाउने कोशिस पनि गरेको पाइन्छ ।

त्यसैगरी, राष्ट्रसङ्घीय महासभाबाट पारित भएको राष्ट्रिय मानव अधिकार संस्थाहरूसम्बन्धी निर्देशिका १९९३ (पेरिस सिद्धान्त) बमोजिम स्थापना भएका अधिकारमुखी आयोग तथा निकायहरूलाई पनि मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षण तथा संवर्द्धनमा जिम्मेवार बनाएको अवस्थाले गर्दा यस विषयमा राष्ट्रियस्तरमा पनि कार्यहरू गर्न सहज भएको देखिन्छ ।

तर यस सम्बन्धमा क्षेत्रीय राष्ट्रहरूको सङ्गठनहरूको रूपमा रहेका Latin America and the Caribbean the Organization of American States (OAS), The African Union (AU), Council of Europe (European Union, Organization for Security and Cooperation in Europe (OSCE) हरूले उनीहरूका मानव अधिकारको संरक्षण तथा संवर्द्धनका लागि विभिन्न सन्धि तथा संयन्त्रहरू मार्फत मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वको विषयमा उल्लेख्य कामहरू भएका छन् । तर, एशिया महादेशमा Association of South East Asian States (ASEAN) मा आबद्ध भएका देशहरूले स्थापना गरेको Intergovernmental Commission on Human Rights ले यस सम्बन्धमा अन्य महादेशहरूका मानव अधिकारसम्बन्धी संयन्त्रहरूको जस्तो कामहरू गरेको पाइँदैन ।

यद्यपि यसबीचमा केही देशहरू जस्तै Burkina Faso, Cote D' Ivoire, Mali, Brazil, Guatemala, Ugnada, Mexico, Peru, Congo, लगायत केही युरोपियन देशहरूले मानव अधिकर रक्षकहरूको अधिकार तथा कर्तव्यहरूको बारेमा राष्ट्रिय रूपमा केही सरकारी आदेश तथा कानुनहरू जारी गरेको पाइन्छ ।

नेपालमा मानव अधिकार रक्षकहरूको हक अधिकारलाई सम्बोधन गर्ने राष्ट्रिय कानुन तथा निर्देशिकाको अभाव भए पनि राष्ट्रिय मानव अधिकार आयोगले यस सम्बन्धमा निर्देशिका जारी गरेको अवस्था छ । गैरसरकारी संस्थाहरूबाट यस सम्बन्धमा अनेकौँ प्रयासहरू भएका छन् । यससम्बन्धमा अनौपचारिक क्षेत्र सेवा केन्द्रले सन् २००९ मा मानव अधिकार रक्षकहरूको सम्बन्धमा राष्ट्रिय कानुनको मस्यौदा तयार गरी यसलाई कानुनको रूपमा जारी गर्न सरकार लगायत अन्य सरोकारवालाहरूसँग वकालत तथा अभियान चलाइरहेको छ ।

हालसम्म जारी भएका घोषणापत्र तथा अन्य दस्तावेजहरूको आधारमा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा परिपालनाको लागि जोसुकैले तथा जुनसुकै सङ्घसंस्थाहरू क्रियाशील हुन सक्ने देखिन्छ । साथै त्यस्ता व्यक्ति, समुदाय तथा सङ्घसंस्थाहरूले मानव अधिकारको क्षेत्रमा चालेका व्यवसायिक तथा पेशागत कार्य तथा सेवा भावनालाई अविच्छिन्न रूपमा सहयोग पुऱ्याउनु राज्य लगायत सबैको दायित्व हुन आउँछ । यसको साथै मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि क्रियाशील व्यक्तिहरूको अधिकारको बचाउ तथा सबै अवस्थामा सुरक्षा गर्नु पनि राज्यको कर्तव्य हुन्छ ।

१ मानव अधिकार रक्षकको अधिकारहरू

मानव अधिकार रक्षकलाई पनि प्रत्येक व्यक्ति सरह व्यक्तिगत, सामूहिक तथा संस्थागत रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरक्षणको लागि शान्तिपूर्ण ढङ्गले कार्य गर्ने अधिकारहरू रहन्छ । सो कार्यको लागि आवश्यक रूपमा स्वतन्त्रताको अधिकारहरूको प्रयोग तथा उपभोग गर्ने, गैरसरकारी सङ्घसंस्था, सङ्गठन वा समूहहरू गठन गर्ने वा त्यसमा संलग्न र सहभागी हुने तथा त्यस्ता सङ्घसंस्थाहरू मार्फत मानव अधिकारका विविध विषयमा संवाद तथा वकालत गर्ने, तथा समग्र मानव अधिकारको अवस्था तथा त्यसको परिपालनाको सम्बन्धमा राष्ट्रिय कानुनी, न्यायिक वा प्रशासनिक प्रणालीहरूमा कस्तो व्यवस्था गरिएको छ भन्ने बारे थाहा पाउनका लागि यस्ता सूचनासम्म पहुँच पाउने अधिकारहरू रहन्छ भनि मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र-१९९८ मा उल्लेख गरेको पाइन्छ । यी तथा अन्य उपयुक्त साधनद्वारा यस्तो विषयवस्तुप्रति सार्वजनिक ध्यानाकर्षण गर्ने, मानव अधिकारसम्बन्धी नयाँ धारणा र सिद्धान्त विकास र छलफल गर्ने तथा तिनको स्वीकार्यताका लागि वकालत गर्ने लगायतका कार्यहरू पनि मानव अधिकार रक्षकहरूको अधिकारभित्र पर्दछन् । देशको सरकार वा सार्वजनिक विषयमा बिना भेदभाव प्रभावकारी रूपमा सहभागी हुन पहुँच राख्ने, सरकारी अङ्ग तथा तिनको निकायका कार्यशैलीतर्फ सुधारका लागि आलोचना तथा ध्यानाकर्षण गर्ने मानव अधिकारको संरक्षण प्रवर्द्धन तथा मौलिक स्वतन्त्रताहरूको प्रयोगमा प्रभावकारी उपचारबाट फाइदा लिन र यस्ता अधिकारहरूको उल्लङ्घनका घटनामा संरक्षण पाउने अधिकार पनि मानव अधिकार रक्षकहरूसँग हुन्छ । आफ्नो वा अन्य कुनै व्यक्तिको अधिकार वा स्वतन्त्रता हनन् भएको छ भने न्यायिक उपचार पश्चात् पनि अनुचित बिना ढिलाइ क्षतिपूर्ति प्राप्त गर्ने सम्बन्धमा आवश्यक पहल गर्ने अधिकार पनि यसमा पर्दछ । मानव अधिकार रक्षकले मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित कुनै पनि सरकारी अधिकारी वा निकायको नीति र कार्यका बारेमा अनुचित ढिलाइ बिना निर्णय दिनुपर्ने सक्षम राष्ट्रिय न्यायिक, प्रशासनिक वा कानुनी निकाय वा राज्यको कानुनी प्रणालीद्वारा व्यवस्था गरिएको अन्य कुनै सक्षम निकाय

सक्षम निवेदन वा अन्य उपयुक्त तरिकाबाट उजुरी गर्न पाउने अधिकारहरू पनि यस सम्बन्धमा सुरक्षित हुनेछ ।

मानव अधिकारको बहाल गर्ने सम्बन्धमा भएका सार्वजनिक बहस, कानुनी कारबाही र विषयहरूको छलफल तथा सुनुवाइहरूमा राष्ट्रिय कानुन र उपयुक्त अन्तर्राष्ट्रिय दायित्व र प्रतिवद्धता अनुरूप भए, नभएको सम्बन्धमा आफना विचार तथा अभिमत प्रकट गर्न तथा त्यस्ता कुनै पनि प्रकारका छलफलहरूमा कानुन बमोजिम निर्वाध अधिकार हुनेछ । त्यसैगरी, मानव अधिकार र मौलिक स्वतन्त्रताको रक्षाका लागि व्यवसायिक रूपमा सक्षम कानुनी सहायता वा अन्य उपयुक्त सल्लाह र सहयोग प्रदान गर्ने, मानव अधिकारका विषयवस्तुमा सूचना प्राप्त गर्ने तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय निकायहरूसमक्ष बिनाअवरोध पहुँच राख्न पाउने तथा उनीहरूसँग सहकार्य र समन्वय गर्न पाउने अधिकार पनि सुरक्षित हुन्छ । आफ्नो तथा अन्य व्यक्तिको मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको उल्लङ्घन विरुद्ध शान्तिपूर्ण क्रियाकलापमा सहभागी हुने अधिकारहरू पनि यसभित्र पर्दछन् ।

३ मानव अधिकार रक्षकका दायित्व

मानव अधिकार रक्षकले मानव अधिकार र विधिको शासनका आधारभूत सिद्धान्तहरू जस्तैः समानता, पहुँच, निष्पक्षता, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता, स्वायतता, लैङ्गिक संवेदनशीलता आदिलाई सम्मान गर्नु पर्दछ । प्रत्येक व्यक्ति सरह नै मानव अधिकार रक्षकले पनि पेशागत मर्यादा र उच्च मनोवलका साथ अरुको अधिकारको पनि सम्मान गर्नु पर्दछ । मानव अधिकार रक्षकले मानव अधिकारको संरक्षण तथा संवर्द्धनको निमित्त आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका मानव अधिकारसम्बन्धी सवालमा व्यक्तिगत, समूहगत सहकार्य, तथा संस्थागत रूपमा वकालत गर्ने विचार/विमर्श छलफल चलाउने, सचेतना तथा अभियान चलाउने, प्रकाशन तथा सूचना प्रवाहीकरण गर्ने, अनुगमन तथा अवरोध गर्ने, प्रलेखिकरण (Documentation) गर्ने, सार्वजनिक सुनुवाइ गर्ने लगायतका दायित्व रहेका छन् । त्यसैगरी, मानव अधिकार रक्षकहरूले मानव अधिकार शिक्षाको प्रचार-प्रसार गरी मानव अधिकार संस्कृतिको विकास गर्न सदैव पहल गर्ने, मानव अधिकार संरक्षण तथा संवर्द्धनको निमित्त जवाफदेही निकाय तथा पदाधिकारीउपर निगरानी गर्ने, समाजमा विद्यमान सबै प्रकारको भेदभाव रोकथाम तथा अन्त्यका लागि विभिन्न कार्य सञ्चालन गर्ने र सो कार्य सम्पन्न गर्ने सम्मको दायित्व मानव अधिकार रक्षकको काँधमा रहेको हुन्छ ।

४ मानव अधिकार रक्षकका चुनौती

मानव अधिकारको संरक्षण र संवर्द्धनमा क्रियाशील मानव अधिकार रक्षकहरूको भूमिका उत्तरदायित्वपूर्ण र आवश्यकताको आधारमा पारदर्शी पनि हुन जरुरी हुन्छ । मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण तथा सम्मान गर्नु र त्यसको लागि कार्य गर्ने, व्यक्ति, समूह तथा समुदायको लागि सुरक्षा एवम् भयरहित वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व भित्र पर्दछ । अरु व्यक्तिको अधिकारको लागि लड्ने र आवाजविहीनहरूको आवाज सम्बन्धित निकायमा पुऱ्याई मानव आधिकारको रक्षार्थ कार्य गर्ने मानव अधिकार रक्षकको कार्य सोचे जस्तो सजिलो नरहन पनि सक्छ । मानव अधिकार रक्षकले आफ्नो पेशागत दायित्व निर्वाह गर्ने क्रममा विभिन्न किसिमको चुनौती र जोखिमहरूको सामाना गर्नु पर्ने हुन्छ र त्यो भइरहेको छ । मानव अधिकार रक्षकको चुनौतीहरूबारे विश्लेषण गर्दा मूलरूपमा यस पेशाले सृजना गरेको चुनौतीहरूमा व्यक्तिगत र पारिवारिक सुरक्षा, पेशागत सुरक्षा, राज्यद्वारा उचित सम्मान तथा पहिचानमा कमी, राजनीतिक वा अन्य आस्थाको आधारमा पूर्वाग्रह लगायतका विषयहरू हुन्छन् । राज्यका निकायहरूबाट मानव अधिकार रक्षकहरूलाई सुरक्षित वातावरणमा काम गर्ने अवस्थाको सिर्जना नगरिनु नै यस विषयमा सबैभन्दा चुनौती रहन गएको छ । मानव अधिकार रक्षकलाई सूचना उपलब्ध नगर्नु नगराउनु, पक्राउ तथा हिरासतमा रहेका व्यक्तिहरूसम्म सजह पहुँच नदिनु, मानव अधिकार रक्षकलाई राजनीतिक कार्यकर्ताको रूपमा पूर्वाग्रह राख्नु, मानव अधिकार रक्षकप्रति समाजमा नकारात्मक प्रचार-प्रसार गर्नु लगायतका आरोपहरूबाट संरक्षण नगर्ने विषयहरू चुनौतीको रूपमा रहेका छन् । यसका अतिरिक्त मानव अधिकार रक्षकको पनि पेशागत सुरक्षा नहुनु, भौतिक सुविधा तथा प्राविधिक विषयहरूको पहुँचबाट वञ्चित गराउनु, व्यक्तित्वका विविध विषयहरूमा तालिम तथा सिकाइ पद्धतिमा अवसर नहुनु तथा नदिनु, स्रोत र साधनमा कमी हुनु, सुरक्षाको बलियो प्रत्याभूति नहुनुजस्ता विषयहरू पनि यसमा चुनौतीको रूपमा रहेका छन् ।

५ महिला मानव अधिकार रक्षकका चुनौतीहरू

सामान्य अवस्थामा महिला मानव अधिकार रक्षकहरूले पनि पुरुष मानव अधिकार रक्षकहरू सरहको सबै चुनौतीको समानाहरू गरिरहनु पर्छ वा गरिरहेका छन् । तर, महिलामा भएको जैविक फरकपनाको आधारमा हेर्ने लैङ्गिक दृटिकोण तथा यौनिकताको आधारमा थप चुनौतीको सामना गर्ने अवस्थाको सिर्जना भएको छ र हुन्छ। नेपालमा समग्रतामा मानव अधिकार रक्षकहरूको अवस्था आफै पनि दयनीय रहेको त्यसमा पनि महिलाहरूको अवस्था झन् कठिन भएको छ । महिलाहरूको राजनीतिक, प्रशासनिक तथा समाजीक क्षेत्रहरूमा पहुँच तथा सहभागितामा संख्यात्मक रूपमा निकै उल्लेख्य रूपमा प्रगति भए पनि उनीहरूको क्षमता अभिवृद्धिमा राज्यबाट खासै पहल नभएकोले त्यसमा गुणात्मक रूपमा आसातित प्रगति हुन सकेको पाइँदैन । जसको असर समाजका विभिन्न क्षेत्रमा क्रियाशील महिलाहरूले हालसम्म पनि भोगिरहेका छन् । नेपालमा अन्य क्षेत्रमा क्रियाशील महिलाहरूले भोगेका सबै जसो चुनौतीहरूको अलावा मानव अधिकारको क्षेत्रमा क्रियाशील महिलाहरूको कामको प्रकृतिको कारण अझ बढी चुनौतीको समाना गरिरहेका छन् । महिला मानव अधिकार रक्षकहरूले समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको रोकथाम, लैङ्गिक तथा महिलाविरुद्धका हिंसा, प्रथा परम्परा तथा धार्मिक आस्थाका आधारमा महिला तथा बालिकामाथि भएका विभिन्न हिंसा तथा दुर्व्यवहार लगायत मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको रक्षार्थ काम गर्नुपर्ने अवस्था देखिन्छ ।

धेरै महिला अधिकार रक्षकहरू आर्थिक पक्षमा कमजोर हुनु, कानुनी रूपले पनि सचेत नहुनु, कुसंस्कार तथा कुप्रथाको सशक्त विरोध गर्न नसक्नु, आफूमाथि भएका हिंसा अन्याय तथा विभेदको विरोध गर्न नसक्नु, पुरुष सरह समान अवसर, पहुँच तथा पहिचानमा परम्परागत रूपमा पछाडि परिरहेको लगायत कारणहरूबाट विभिन्न अवस्थाहरूमा प्रताडित हुन बाध्य छन् ।

६ नेपालमा मानव अधिकार रक्षकहरूको वर्तमान अवस्था

मानव समाजका हरेक सदस्यहरूको जीवनलाई सम्मानित र मर्यादित बनाउनका लागि सबैको मानव अधिकार सुनिश्चित हुनुपर्दछ भन्ने मान्यता विश्वव्यापी रूपमा स्थापित भइसकेको छ । मानव अधिकार संरक्षण र संवर्द्धनमा मानव अधिकार रक्षकहरूको भूमिका अहम् रहेको छ । मानव अधिकारको सम्मान, संरक्षण तथा परिपालनाले राज्य नै बलियो हुने र राज्यका निकाय तथा तिनका पदाधिकारीहरूलाई अझ बढी उत्तरदायी बनाउने काममा मानव अधिकार रक्षक एउटा पहरेदारको रूपमा कार्य गर्दै आएको छ । तर मानव अधिकार रक्षकलाई राज्यले उचित सम्मान र सुरक्षाको प्रत्याभूति दिन सकेको छैन । राज्यका निकायबाट मानव अधिकारसम्बन्धी सूचना संकलनमा सहज पहुँच नहुनु, राज्यका विभिन्न निकायहरू लगायत सुरक्षा निकायले मानव अधिकार रक्षकलाई निर्वाह पहुँच नदिनु, मानव अधिकार रक्षकको कार्यलाई उचित मूल्याङ्कन नगर्नु जस्ता चुनौतीहरू हाल पनि कायम नै रहेको पाइन्छ । एकातिर मानव अधिकार रक्षकहरूको अधिकारसँग सम्बन्धित पेशागत कार्यहरू सुनिश्चित नभएको अवस्था रहेको छ भने अर्कोतिर मानव अधिकार रक्षकको व्यक्तिगत सुरक्षा, आर्थिक अवस्था तथा अन्य रोजगारीको हक अधिकारको पनि उल्लङ्घन भइरहेको देखिन्छ । यस्तो अवस्थाको विधमानताले गर्दा मानव अधिकार रक्षकले अपेक्षित रूपमा उत्साहित भई काम गर्न नसकेको अवस्था पनि देखिएको छ ।

नेपालमा मानव अधिकार सङ्घ-संस्थाबिच समन्वय र सहकार्य नहुनुले तथा आ-आफ्नो तरिकाबाट काम गर्नाले एउटै विषयमा पनि फरक-प्रतिवेदन सार्वजनिक हुँदा जनमानसमा मानव अधिकार रक्षकप्रति सकारात्मक सोच विकास हुन गाह्रो परेको छ ।

७ मानव अधिकार रक्षकका लागि कानुनी अवस्था

नेपालको संविधान तथा अन्य ऐनहरूले मानव अधिकार रक्षकहरूको सम्बन्धमा प्रत्यक्ष रूपमा कुनै व्यवस्थाहरू नगरेको भए पनि संविधान तथा अन्य विविध ऐन, कानुन तथा नीतिहरूमा मानव अधिकारको संरक्षण तथा संवर्द्धनसहित यसको पालनाको लागि केही व्यवस्थाहरू गरेकाले सोही आधारमा यसको व्याख्या तथा विश्लेषण गर्ने गरिएको पाइन्छ । नेपालमा मानव अधिकारसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने ८६ वटा ऐनको निर्माण भएको पाइन्छ तर सबै ऐनमा मानव अधिकार रक्षकहरूको बारेमा उल्लेख गरिएको देखिँदैन । संविधान तथा अन्य केही ऐनहरूको बारेमा यहाँ उल्लेख गरएको छ ।

क) नेपालको संविधान

संविधानको प्रस्तावना, मौलिक हक तथा कर्तव्य, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्थालगायतका भागहरूमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताका विषयहरूसहित मानव अधिकार रक्षकहरूको बारेमा अप्रत्यक्ष रूपमा उल्लेख गरिएको छ । संविधानको प्रस्तावनामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारका मूल्य र मान्यतामा आधारित राष्ट्र निर्माण गर्ने कुरा उल्लेख गरिएबाट के बुझ्न सकिन्छ भने मानव अधिकारको सम्मान, संरक्षण तथा यसको पालाना राज्यको उद्देश्य भएकाले मानव अधिकारको सम्मान तथा पालनामा क्रियाशील जोकोही भए पनि उनीहरूको संरक्षण गर्ने पनि राज्यको दायित्व हुने कुरालाई घुमाउरो पाराले निर्दिष्ट गरिएको छ ।

त्यसैगरी, संविधानको भाग ३ को धारा १७ मा उल्लेख गरिएको स्वतन्त्रताको हकको व्यवस्थाले राज्यलाई नागरिकहरूको अधिकारको सम्मान गर्नुपर्ने दायित्व सुम्पेको छ । जसमा उचित कारण र प्रक्रियाविना यस धारामा उल्लेख गरिएका स्वतन्त्रताहरूको हनन् वा वञ्चित गर्न नपाउने व्यवस्था गरिएको पाइन्छ । यी स्वतन्त्रताहरूको प्रयोग आफैँ वा अन्यको लागि पनि सहयोग तथा समन्वय गर्न पाउने व्यवस्थाको प्रत्याभूति गरिएको छ, जसमा मानव अधिकार रक्षकहरूको

पनि स्वतःसिद्ध रूपमा संरक्षण र सम्मानको व्यवस्था समेटिएको देखिन्छ । यस प्रावधानहरूको उल्लङ्घन भएमा संविधानमा नै संवैधानिक उपचारको हकको पनि व्यवस्था गरिएको छ ।

यसैगरी, संविधानको धारा ५१ (ख) (२) र (३) मा राज्यका नीतिहरूको उल्लेख गरिएको जसमा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको कार्यान्वयन गर्ने उल्लेख गरिएको अवस्था छ । यो प्रावधानले मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पालना तथा सम्मानको राज्यबाट प्रत्याभूति गर्ने नीति हुने उल्लेख गरिएबाट सरकार तथा अन्य सरोकारवालाले यस विषयमा कार्य गर्नु पर्ने अवस्था रहन जान्छ ।

संविधानको धारा २४९ मा स्पष्टरूपमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने व्यवस्थाले उल्लिखित विषयमा संस्थागत रूपमा यस आयोगले मानव अधिकार रक्षकको भूमिका निर्वाह गरिरहेको अवस्था देखिन्छ । आयोगले आफैँ वा आफ्नै पहलमा वा अन्य सरोकारवालाहरूको सहयोग वा समन्वय गरेर यस संविधानद्वारा धारा २४९ मा उल्लेख गरिएको जिम्मेवारी बहन गर्नुपर्ने दायित्व छ । यसको लागि संविधानमा नै यस आयोगले गर्नसक्ने काम तथा अधिकारहरूको बारेमा विभिन्न धारा र उपधारामा उल्लेख गरिएको छ ।

संविधानको धारा २४९ को उपधारा (२) को (क) मा कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित आफैँ वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने भन्ने व्यवस्थाले नै संविधानले अरू कुनै व्यक्तिहरूद्वारा पनि मानव अधिकारको उल्लङ्घन भएमा त्यसको विरुद्धमा उजुरी गर्ने, मानव अधिकार हननको विरुद्धमा आवाज उठाउन पाउने अधिकारलाई स्वीकार गरिएको छ । यो प्रावधानको व्यवस्थाले मानव अधिकार रक्षकहरू जोकोही पनि बन्न सक्छन् र उनीहरूको मानव अधिकारको संरक्षण तथा विकासमा पुऱ्याउन सक्ने योगदानको पहिचान तथा कदर गरिएको अवस्था देखिन्छ । त्यसैगरी, धारा २४९ (घ) मा मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय तथा वकालतको लागि विभिन्न सरोकारवाला नागरिक समाजसँग समन्वय तथा सहकार्य गर्न सक्ने अधिकार तथा दायित्वको पनि

उल्लेख भएकोले पनि मानव अधिकार रक्षकहरूको उपस्थिति तथा पहिचानलाई संवैधानिकरूपमा स्वीकार गरिएको अवस्था देखिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगको पदाधीकारीहरूको नियुक्तिको लागि योग्यता सम्बन्धमा धारा २४८ को (६) मा मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा क्रियाशील व्यक्तिहरू हुनुपर्ने भन्ने व्यवस्थाले संविधानले अप्रत्यक्ष रूपमा मानव अधिकार रक्षकहरूको पहिचान तथा उनीहरूको कार्यलाई स्वीकार गरेको भनी व्याख्या गर्न सकिन्छ, जुन व्यवस्थाले मानव अधिकार रक्षकहरूको योगदान र पहिचानलाई सम्मान गरेको देखिन्छ ।

संविधानको धारा २५२ को (६) को (क) पनि राष्ट्रिय महिला आयोगको पदाधिकारीहरूको नियुक्तिको लागि कम्तिमा १० वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको महिला भनी मानव अधिकार तथा महिला अधिकारमा क्रियाशील व्यक्तिहरूको चयन हुने कुरा उल्लेख छ । यसबाट पनि विगत लामो समयदेखि मानव अधिकार तथा महिला अधिकारको क्षेत्रमा सक्रिय महिला मानव अधिकार रक्षक वा मानव अधिकारकर्मीहरूको भूमिकालाई संविधानले पहिचान तथा सम्मान गरेको देखिन्छ ।

यस्तै व्यवस्था संविधानको धारा २५५ (६) (क) दलित आयोगको सर्न्दभमा पनि रहेको छ भने धारा २५८ को राष्ट्रिय समावेशी आयोगको पदाधिकारीको योग्यतामा पनि अन्य विषयको अलावा मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूको नियुक्तिको व्यवस्थाले यस संविधानमा हरेक अधिकारमुखी आयोगहरूमा मानव अधिकार रक्षकहरूको उपस्थितिलाई अनिवार्य जस्तै बनाइएको पाइन्छ । यी आयोगहरूका पदाधिकारीहरूको नियुक्तिको व्यवस्थाले नेपालमा मानव अधिकार रक्षकहरूको पहिचान, सम्मान तथा संरक्षणमा राज्यको संवैधानिक प्रतिवद्धता तथा यससम्बन्धमा भएका अन्तर्राष्ट्रिय कानुनहरूमा सोही विषयमा उल्लेख गरेका प्रावधानहरूको पालानातर्फ उन्मुख भएको अवस्था देखिन्छ ।

ख) यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

यस ऐनको दफा ५ मा यातना पाएको व्यक्तिले जिल्ला अदालतमा उजुरी गर्नसक्ने व्यवस्था गरेको छ । दफा ५ को उपदफा (२) र (३) मा क्रमशः यातना पाउने व्यक्तिको मृत्यु भएमा वा कुनै कारणले उजुरी दिन नसकेमा परिवारका सदस्य

वा कानुन-व्यवसायीले समेत उजुरी दिनसक्ने व्यवस्था गरेकोले यस ऐनको सन्दर्भमा कानुन-व्यवसायीलाई मानव अधिकार रक्षार्थ क्रियाशील मानव अधिकार रक्षकको दर्जा दिइएको छ । जुन व्यवस्था मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र १९९८ को उद्देश्यअनुरूप हुन गएको छ ।

ग) मानव अधिकार आयोग ऐन २०६८

यस ऐनको प्रस्तावनाले नै मानव अधिकारलाई संस्थागत रूपमा मानव अधिकार रक्षकको भूमिका प्रदान गरेको छ । मानव अधिकारको संरक्षण संवर्द्धन तथा त्यसको कार्यान्वयनका सुनिश्चितता नै मानव अधिकार रक्षकको भूमिका भएको र सोही कार्यहरू यस ऐनमा उल्लेख भएकोले आयोगलाई संस्थागत रूपमा मानव अधिकार रक्षकको रूपमा हेर्न सकिन्छ जसलाई कानुनबाट पहिचान दिइएको छ । त्यसैगरी, यस ऐनको दफा ४ मा आयोगको काम कर्तव्य र अधिकार उल्लेख गरिएको जुन व्यवस्थाहरू मानव अधिकार रक्षकको अधिकार र दायित्व सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार रक्षकसम्बन्धी १९९८ को घोषणापत्र अनुकूल देखिन्छ । त्यसैगरी, यस ऐनको दफा १० मा मानव अधिकार उल्लङ्घनमा पीडितबाहेक पनि अन्य व्यक्तिहरूले पनि उजुरीको प्रक्रियालाई अबलम्वन गर्न सक्ने व्यवस्थाले अप्रत्यक्ष रूपमा मानव अधिकार रक्षकको पहिचानलाई ऐनद्वारा स्वीकार गरिएको रूपमा लिनुपर्ने हुन्छ । त्यसैगरी, दफा २० मा आयोगले सङ्घसंस्थासँग सम्पर्क र सम्बन्ध कायम गर्नसक्ने भन्ने व्यवस्थाबमोजिम मानव अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग सहयोग आदानप्रदान गर्न सक्ने भन्ने व्यवस्थाले मानव अधिकार क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको सम्मान, पहिचान तथा आवश्यकताको बारेमा ऐनमा उल्लेख गरी मानव अधिकार रक्षकको सक्रियतापूर्वक कार्य गरिरहेका सरोकारवाला सङ्घसंस्थाहरूलाई कानुनी रूपमा नै स्वीकार गरिएको अवस्था देखिन्छ ।

घ) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

यस ऐनको दफा ३ मा आयोगको गठनको व्यवस्था गरिएको छ । दफा ३ को उपदफा (३) मा एक सिफारिस समिति गठन गरिने र सो समितिका सदस्यहरूमा मानव अधिकार आयोगको पदाधिकारी र मानव अधिकारकर्मीहरू सम्मिलित सिफारिस

समिति बनाउनुपर्ने प्रावधान रहेको छ। यसबाट मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरू पनि राज्यको कानुनबाट सम्मानित तथा संरक्षित हुनुपर्छ। यो पेसा तथा कर्ममा लागेका व्यक्तिहरूको संरक्षणको दायित्व राज्यसँग रहन जानेछ भन्ने सन्देश प्रवाह भएको छ। त्यसैगरी, यस ऐनको दफा ४ मा आयोगको अध्यक्ष र सदस्यको योग्यतालाई उपदफा (घ) मा उल्लेख गरी मानव अधिकार लगायतका क्षेत्रमा कार्य गरेको व्यक्ति भनी तोकिएबाट पनि लामो समयदेखि मानव अधिकारकर्मीको रूपमा क्रियाशील व्यक्तिहरूको नियुक्तिको व्यवस्थाले यस क्षेत्रमा कार्यरत व्यक्तिहरूमा पहिचान तथा सम्मान भएको देखिन्छ। यस ऐनको दफा १३ को उपदफा (६) बमोजिम मानव अधिकारको उल्लङ्घन भएको घटनामा पीडितबाहेक पनि जोसुकैले उजुरी दिन सक्ने व्यवस्थाले मानव अधिकार रक्षकको अस्तित्वलाई स्वीकार गरी उनीहरूको पेसालाई सम्मानित गरेको देखिन्छ।

८ राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकार रक्षकसम्बन्धी मार्ग निर्देशिका

मानव अधिकारको संवर्द्धन र संरक्षणमा मानव अधिकार रक्षकहरूको महत्वपूर्ण भूमिकालाई सबल र उत्तरदायी बनाउन एवम् मानव अधिकार रक्षकहरूको काम, कर्तव्य र दायित्वलाई स्पष्ट गरी निजहरूको कामलाई सुचारु र सुव्यवस्थित गर्न तथा उनीहरूको सुरक्षा सम्बन्धमा मार्ग निर्देशिका बनाउन आवश्यक भएकोले मानव अधिकार आयोगबाट यस विषयमा मार्ग निर्देशिका जारी गरेको छ । यस मार्ग निर्देशिकाले मानव अधिकारसम्बन्धी कामकारवाहीमा प्रयोग हुने विभिन्न शब्दावलीहरूको पभिाषा गरी यस विषयलाई सहजीकरण गरेको छ । त्यसैगरी, मानव अधिकार रक्षकहरूको अधिकार, कर्तव्य सहित गर्न हुने तथा नहुने विषयमा आचार संहितासमेतको व्यवस्था गरेको पाइन्छ ।

१) यस मार्ग निर्देशिकाले मानव अधिकार रक्षक, प्रभावित व्यक्तिहरू, पीडित तथा अन्य सरोकारवालाहरूको बारेमा परिभाषा सहित पहिचानमा सजिलो बनाइएको छ ।

(क) "आरोपित व्यक्ति" भन्नाले मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन गरेको भनी उजुरकर्ताले आरोपित गरेको व्यक्ति वा मानव अधिकार उल्लङ्घन गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियार समेतलाई जनाउँछ ।

(ख) "पीडित" भन्नाले मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो कार्यबाट पीडित हुन गएको व्यक्ति जनाउँछ ।

(ग) "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगत रूपमा, समूहमा वा संस्थागत रूपमा मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धी काममा संलग्न व्यक्ति सम्झनु पर्दछ । सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ ।

(घ) "विविध क्षेत्रका मानव अधिकार रक्षक" भन्नाले मानव अधिकारको विभिन्न क्षेत्रहरू जस्तैः बालबालिका, महिला, दलित, आदिवासी/जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, वातावरण, अल्पसङ्ख्यक लगायत अन्य विषयगत तथा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा क्रियाशील अधिकार रक्षकहरूलाई समेत जनाउँछ ।

२) यस निर्देशिकामा निम्न प्रकारबाट उद्देश्यहरूलाई उल्लेख गरिएको छ ।

क) मूल उद्देश्यः समाजमा मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान र पालना गर्ने/गराउने राज्यको जिम्मेवारीलाई पर्याप्तता, प्रभावकारिता र गुणस्तरीयताको दृष्टिकोणले अनुगमन गर्ने मानव अधिकार रक्षकहरूको भूमिकालाई सवल, उत्तरदायी र पारदर्शी बनाउन सहयोग गर्ने ।

ख) विशेष उद्देश्यहरूः यस मार्ग-निर्देशिकाको विशेष उद्देश्यहरू देहाय बमोजिम हुनेछन् ।

(१) मानव अधिकारको संवर्द्धन, पैरवी र चेतना विकास गर्ने ।

(२) मानव अधिकार अनुगमन, हनन्, उल्लङ्घनको प्रलेखीकरण गर्ने ।

(३) पीडित वा प्रभावितहरूलाई आपतकालीन कानुनी, स्वास्थ्य, मनोविमर्श तथा अन्य मानवीय सहायता उपलब्ध गराउन सहजीकरण र सहयोग गर्ने

(४) मानव अधिकार संस्कृति निर्माण-दण्डहीनताको रोकथाम लगायत त्यस्तै अन्य काम गर्ने ।

(५) मानव अधिकार रक्षकहरूको भूमिकामा अनुगमन, सबलीकरण र संरक्षण गर्ने ।

३) मानव अधिकार रक्षकले सम्मान गर्नुपर्ने आदर्श सिद्धान्तहरूलाई पनि यस निर्देशिकामा क्रमबद्ध रूपमा निम्नबमोजिम उल्लेख गरिएको छ ।

मानव अधिकार रक्षकहरूले मानव अधिकार र विधिको शासनका आधारभूत सिद्धान्तहरू जस्तैः समानता, पहुँच, निष्पक्षता, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता, स्वायत्तता, लैङ्गिक संवेदनशीलता आदिलाई सम्मान गर्नु पर्दछ ।

४) यस निर्देशिकाको महत्त्वपूर्ण भागको रूपमा रहेको मानव अधिकार रक्षकको काम तथा कर्तव्यहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

१) **मानव अधिकारको संवर्द्धनसम्बन्धी काम:** मानव अधिकार रक्षकहरूले मानव अधिकारको संवर्द्धनको निमित्त आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका मानव अधिकारसम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रूपमा देहायका कामहरू गर्नेछन् ।

(क) वकालत
(ख) विचारविमर्श/छलफल
(ग) अभियान तथा लबिङ्ग
(घ) परामर्श
(ङ) सचेतना
(च) सुझाव र टिप्पणी
(छ) प्रकाशन र सूचना प्रवाहिकरण
(ज) अनुगमन र अवलोकन
(झ) प्रलेखिकरण
(ञ) सार्वजनिक सुनुवाइ
(ट) संयुक्त राष्ट्रसङ्घ सन्धिजनित वैकल्पिक प्रतिवेदन तैयारी र प्रस्तुति
(ठ) ऐन-कानुन, नीति, कार्यक्रम र कार्ययोजनाहरूको पुनरावलोकन लगायतका कार्य गर्न सक्ने गरि विस्तृत अधिकार प्रदान गरिएको छ ।

२) मानव अधिकार रक्षकहरूले मानव अधिकार शिक्षाको क्षेत्रमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रूपमा देहायका कामहरू गर्नेछन् भनि आयोगको निर्देशिकामा व्यवस्था गरिएको छ ।

(क) अध्ययन तथा शिक्षा प्राप्ती
ख) अनुसन्धान तथा विकास
(ग) तालिम तथा प्रशिक्षण
(घ) प्रकाशन तथा प्रसारण
(ङ) शैक्षिक तथा अन्य पाठ्यसामग्री को उत्पादन

(च) विद्युतीय पाठ्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादन र वितरण

(छ) मानव अधिकारको नयाँ सिद्धान्त र विचारको विकास

(ज) अन्य आवश्यक विषयहरू ।

३) मानव अधिकार रक्षकहरूले मानव अधिकारको संरक्षणको निमित्त कानुन बमोजिम आ-आफ्नो संस्थागत कार्यक्षेत्र (Mandate) अन्तर्गत रही मानव अधिकारसम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रूपमा देहायका कामहरू गर्न सक्नेछन् ।

(क) अनुगमन गर्ने

(ख) तथ्य संकलन र विश्लेषण गर्ने

(ग) अनुसन्धान (सत्यतथ्य संकलन) गर्ने

(घ) उद्दार र राहत प्रदान गर्ने

(ङ) पुनःस्थापना तथा पुनःएकिकरणको व्यवस्था गर्ने

(च) उजुरी दर्ता गर्ने गराउने लगायतका विषयमा सहजीकरणको कार्य गर्ने

(छ) निःशुल्क कानुनी सहायता उपलव्ध गराउने

(ज) पीडितलाई न्यायिक तथा प्रशासनिक उपचार प्राप्त गर्न सहयोग गर्ने

(झ) कानुनी तथा नीतिगत सुधारको लागि प्रस्ताव / सिफारिस गर्ने

(ञ) मानव अधिकार संरक्षणको कार्यमा सहकार्य गर्ने

(ट) मानव अधिकार उल्लङ्घन भएकोमा उपचारको निमित्त सिफारिस गर्ने

(ठ) ताकेता तथा दवाव (ड) मानव अधिकार सम्मत विषयहरूमा मेलमिलापगराउने

(ढ) सार्वजनिक सुनुवाइ कार्यक्रम गर्ने

(ण) पीडित र प्रभावितहरूलाई निःशुल्क सहायता, मनोसामाजिक परामर्श राहत, औषधी उपचार आदिको व्यवस्था गर्ने

(त) दण्डविहीनताको रोकथाम र अन्त्यको लागि काम गर्ने

(थ) अन्य मानव अधिकार संरक्षणसम्बन्धी कार्य गर्ने

४) मानव अधिकार रक्षकहरूले मानव अधिकारको सम्मानको निमित्त आ-आफ्नो संस्थागत कार्यक्षेत्र अन्तर्गत मानव अधिकारसम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागत रूपमा देहायका कामहरू गर्न सक्नेछन् ।

(क) संविधान, कानुन तथा न्यायका सर्वमान्य सिद्धान्तको पालना भए नभएको सम्बन्धमा निगरानी गर्ने,

(ख) कानुनी तथा नीतिगत सुधारको लागि प्रस्ताव/सिफारिस गर्ने,

(ग) मानव अधिकार शिक्षाको प्रचार प्रसार गर्ने,

(घ) मानव अधिकारको संवर्द्धन र संरक्षणको निमित्त जवाफदेही निकाय तथा पदाधिकारी उपर निगरानी गर्ने,

(ङ) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र अन्य संयन्त्रहरूको पालना र तिनीहरूको राष्ट्रियकरणको लागि परामर्श र दवाव गर्ने,

(च) मानव अधिकार मैत्री नीति निर्माण गर्न पहल गर्ने,

(छ) मानव अधिकारको सम्मानार्थ न्यायसम्बन्धी अधिकार सुनिश्चित गर्न कानुनी सहयोग उपलव्ध गराउने,

(ज) विकासमा मानव अधिकारमुखी अवधारणाको पैरवी र प्रचार-प्रसार गर्ने,

(झ) सामाजिक न्याय र सामाजिक सुरक्षासम्बन्धी सरकारी नीति, कार्यक्रम र कार्यान्वयनको अनुगमन र समीक्षा गर्ने,

(ञ) मानव अधिकार रक्षकहरूको क्षमता सबलीकरण गर्ने लगायतका विषयहरू छन् ।

५) राज्यद्वारा मानव अधिकारको पालनाको लागि भएका हरेक प्रयासमा समर्पित भई सहयोग गर्नु र सो कार्यको अनुगमन गर्नु मानव अधिकार रक्षकको कर्तव्य हुनेछ ।

६) यस मार्ग निर्देशिकामा उल्लेख भएका उपरोक्त कामहरूका अतिरिक्त मानव अधिकार रक्षकले देहायको कामहरू गर्नेछन् ।

(क) सुशासनको निमित्त वकालत गर्ने,

(ख) समाजमा सबै प्रकारको (लैङ्गिक, धार्मिक, साँस्कृतिक, आर्थिक, भौगोलिक, जातीय लगायत) भेदभाव रोकथाम र अन्त्यको लागि विविध कार्य सञ्चालन गर्ने,

(ग) समाजमा समन्याय कायम गर्न योगदान गर्ने,

(घ) मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको विषयमा छलफल, बहस र कार्यान्वयनको लागि प्रयास र योगदान गर्ने

(ङ) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको अनुमोदनको लागि पहलकदमी गर्ने,

(च) मानव अधिकारको संवर्द्धन, संरक्षण र सम्मानको निमित्त आवश्यक सूचना तथा स्रोतहरूको व्यवस्थापन गर्ने,

(छ) आवश्यकता अनुसार मानव अधिकारसम्बन्धी निकायको स्थापना र संस्थागत विकासको लागि वकालत र पहलकदमी गर्ने,

(ज) सबै किसिमको शैक्षिक तालिम कार्यक्रममा मानव अधिकारको सवाललाई मूल प्रवाहिकरण गर्ने सम्बन्धमा काम गर्ने,

(झ) सार्वजनिक शासन व्यवस्था तथा सार्वजनिक हितको निमित्त मानव अधिकारमा लगाइने सीमा अन्त्यन्त न्यून हुनुपर्ने सन्दर्भमा वकालत गर्ने,

(ञ) दण्डहीनताको अवस्था र संस्कारलाई रोकथाम र अन्त्य गर्ने दिशामा काम गर्ने,

(ट) अहरणीय अधिकार जस्तैः यातना, हत्या, बलात्कार, मानव बेचबिखन जस्ता अपराध र मानव अधिकार उल्लङ्घनका विषयमा क्षमादान दिन नहुने सम्बन्धमा दवावमूलक कार्यक्रम र वकालत गर्ने,

(ठ) मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डको स्वीकार र कार्यान्वयनको निमित्त काम गर्ने,

(ड) सशस्त्र द्वन्द्वबाट हुनसक्ने मानवीय हानि नोक्सानी रोकथाम गर्न प्रयास गर्ने,

(ढ) समाजमा शान्ति र न्यायशील वातावरण कायम गर्न योगदान गर्ने

(ण) मानवीयतासम्बन्धी कानुनको निर्माण, सुधार र कार्यान्वयनको लागि वकालत गर्ने,

(त) बन्दीहरूको हक र हितको पक्षमा यथोचित काम गर्ने,

(थ) सबैको लागि सबै मानव अधिकारको सर्वव्यापी मान्यतालाई सबैले अनुभूत गर्ने वातावरण श्रृजना गर्नको निमित्त विविध काम गर्ने,

(द) बालबालिका, महिला, अशक्त, अपाङ्गता भएका, अल्पसङ्ख्यक समुदाय, जेष्ठ नागरिक, मानसिक रोग लागेका व्यक्ति र सीमान्तकृत वर्ग ईत्यादिको मानव अधिकारको रक्षालाई प्राथमिकतामा राख्ने,

(ध) प्राकृतिक प्रकोप वा महामारी, भोकमरी आदि कारणबाट विस्थापन र जोखिममा परेकाहरूको लागि राहत, सहयोग र सेवा प्रदान गर्ने,

(न) संयुक्त राष्ट्रसङ्घीय संस्थाहरू समक्ष मानव अधिकार सम्बन्धी अभिसन्धिहरूको विषयमा गरिने राष्ट्रिय प्रतिवेदनको छाया प्रतिवेदन वा त्यस्तै किसिमको अन्य प्रतिवेदन तयार गरी पेश गर्ने लगायतका विषयहरू छन् ।

७) मानव अधिकार रक्षकहरूमा हुनुपर्ने गुणहरूलाई पनि यस निर्देशिकामा निम्नबमोजिम उल्लेख गरिएको छ ।

(क) कृयाशीलता

(ख) व्यवसायगत प्रतिबद्धता

(ग) सेवाभाव र सरल जीवनशैली

(घ) व्यवसायिक सीप

(ङ) मानव अधिकारसम्बन्धी ज्ञान (आफू कार्यरत मानव अधिकारको विषयमा जस्तैः बालबालिका, महिला, अल्पसंख्यक, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार आदि)

(च) इमान्दारिता/विश्वसनियता/नैतिकता

(छ) जोखिम अवस्थासँग सामना गर्नसक्ने खुबी

(ज) धैर्यता र सहनशीलता

(झ) अवधारणात्मक सुष्पष्टता

(ञ) योजनावद्ध ढंगले काम गर्न सक्ने खुबी

(ट) अपेक्षित परिणाम हासिल गर्ने क्षमता

(ठ) पीडितहरूप्रति संवेदनशील भई निजहरूको हितमा काम गर्ने

(ड) मानव अधिकारको अधिकतम सम्मान

(ढ) लैङ्गिक संवेदनशीलता लगायतका विषयहरू छन् ।

८) मानव अधिकार रक्षकहरूले पालन गर्नुपर्ने आधारभूत आचारसंहिताहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

(क) कसैको पनि प्रतिष्ठा र सम्मानमा आँच पुऱ्याउन नहुने,

(ख) कसैलाई हानि गर्न नुहुने सिद्धान्तको पालना गर्ने,

(ग) मानव अधिकार,कानुनको शासन, न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्ने,

(घ) राजनीतिक, धार्मिक, साँस्कृतिक, जातीय, साम्प्रदायिक, लैङ्गिक आदि पूर्वाग्रह राखी कार्य गर्न नहुने,

(ङ) कार्य सम्पादनको सिलसिलामा कुनै किसिमको पूर्वाग्रह राख्न नहुने,

(च) अन्तर्राष्ट्रिय रूपमा मान्य जस्तैः संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र र अन्य सम्बन्धित आचार संहिता पालना गर्ने,

(छ) कार्य सम्पादनको सिलसिलामा उच्चतम विवेकको उपयोग गर्ने,

(ज) मानव अधिकार रक्षकको लागि तोकिएका पहिचान जस्तै पहिरन, पोशाक, प्रतीक वा परिचयात्मक चिन्हको दुरूपयोग नगर्ने र हुन नदिने,

(झ) विपन्न वर्ग र दुर्गम क्षेत्रका वासिन्दालाई मानव अधिकारको सेवा उपलब्ध गराउने नीति लिने,

(ञ) मानव अधिकारलाई संवर्द्धन र संरक्षणलाई सेवागत विषयको रूपमा आत्मसात गर्ने,

(ट) पीडित तथा प्रभावितहरूप्रति सम्मानपूर्वक सेवा र सहयोग गर्ने,

(ठ) पीडितलाई मानव अधिकारको सेवा जुनसुकै बखत आवश्यक परे पनि उपलब्ध गराउन तत्पर रहने,

(ड) कानुनको शासनको मूल्य र मान्यताको अभिवृद्धि गर्न सहयोग गर्ने

(ढ) मानव अधिकारको ज्ञान र सीप विस्तारमा क्रियाशील रहने,

(ण) धार्मिक तथा साम्प्रदायिक सहिष्णुता कायम गर्न सहयोग गर्ने,

(त) कुनै जाति, धर्म, सम्प्रदायको आस्था र भावनामा खलल पुग्ने अभिव्यक्ति दिनु नहुने आदि विषयहरू समेटिएको छ ।

९) मानव अधिकार रक्षकहरूले व्यक्तिगत सुरक्षा सम्बन्धमा ध्यान दिनु पर्ने विषयहरू पनि निम्नबमोजिम उल्लेख गरिएको छ ।

१) मानव अधिकार रक्षकहरूले व्यक्तिगत सुरक्षासम्बन्धी देहायका पाँचवटा सिद्धान्तलाई सर्वदा ध्यानमा राख्नुपर्नेछ ।

(क) जोखिमको बेला यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन नगर्ने, (यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन गर्दा मानव अधिकार रक्षक उपर आक्रमण गर्न चाहने व्यक्तिलाई सजिलो हुने,

(ग) सुरक्षासम्बन्धी नियमलाई अनुशासित र व्यवहारिकरूपमा अवलम्वन गर्ने,

(घ) एक आपसमा सूचना आदान प्रदानलाई चुस्त बनाउने र यथासम्भव एक्लै हिँडडुल नगर्ने,

(ङ) व्यक्तिगत सुरक्षा सम्बन्धी कार्यविधिलाई नित्यकर्म जस्तै पालन गर्ने र सदैव ख्याल राख्ने आदि जस्ता विषयहरूलाई समावेश गरिएको छ ।

त्यसैगरी, यस सम्बन्धमा मानव अधिकार रक्षकहरूले आफ्नो सुरक्षाको लागि थप देहायका नियमहरू पनि पालन गर्नुपर्नेछ :

(क) मानव अधिकार रक्षकहरूले "सुरक्षा आफैबाट शुरु हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्नेछन् ।

(ख) मानव अधिकार रक्षकको रक्षा गर्नु अर्को मानव अधिकार रक्षकको प्राथमिक र नैतिक कर्तव्य हुनेछ ।

(ग) सर्वसाधारण सरह भई काम गर्दा सुरक्षाको दृष्टिले न्यून लक्षित वर्गमा परिने सम्भावना भएकोले सर्वसाधारणको हैसियतमा रहने ।

(घ) अत्यधिक र अनाधिकृत सञ्चार माध्यमसँगको सम्पर्कलाई न्यून गर्ने ।

(ङ) सामान्यतयाः स्थानीय जनसमुदाय र मानव अधिकार रक्षकहरूप्रति आदरभाव र नम्र स्वभावबाट व्यवहार गर्ने,

(च) अनावश्यक रूपमा सर्वसाधारणको ध्यानाकर्षणको पात्र नहुने ।

(छ) उत्तेजक अवस्थाबाट बच्न स्थानीय रहनसहन र वातावरण अनुकूल हुने ।

(ज) कुनै स्थानको सुरक्षा अवस्थाको कारण सामान्यरूपमा काम गर्न नसकिने अवस्था रहेमा सुरक्षा तथा सञ्चारलगायतका उपयुक्त व्यवस्था मिलाई कार्य सम्पादन गर्ने ।

(झ) आफ्नो गतिविधि उपर कोही कसैले निगरानी गरेको सम्बन्धमा सदैव सजग रहने,

(ञ) मुठभेडको अवस्थामा आफू आक्रामक नहुने । त्यस्तो अवस्थामा तुरुन्त प्रहरी केन्द्रमा वा सुरक्षित स्थानमा जाने वा कसैको शरण लिई सुरक्षित रहने,

(ट) आफ्नो परिचयसम्बन्धी लिखत सर्वदा साथमा राख्ने,

(ठ) दैनिक गतिविधिमा पर्नसक्ने सम्भावित जोखिमहरू उपर सधैं ध्यान दिने,

(ड) आफ्नो कामको सम्बन्धमा कार्यालय र सहकर्मीहरूसँग नियमित सम्पर्कमा रहने,

(ढ) आपतकालीन अवस्थामा तुरुन्त (बढीमा १-२ मिनेटभित्र) सुरक्षित स्थानमा जान सकिने गरी अत्यावश्यक सामग्रीसहितको झोला चुस्त-दुरुस्त राख्ने,

(ण) आफूप्रति सम्भावित आक्रमण र निगरानी सम्बन्धमा जानकारी प्राप्त गर्ने समेत प्रयोजनको लागि छरछिमेकी, मित्रहरू त्था सहकर्मीहरूको निरन्तर सम्पर्कमा रहने र त्यसलाई यथासम्भव सञ्जालको रूपमा उपयोग गर्ने,

(त) आफ्नो आवास र कार्यालयको सुरक्षाको उचित प्रवन्ध गर्ने तथा आक्रमणको अवस्थामा आफू वा कार्यालयको रक्षाको लागि आक्रमणकर्ताहरूलाई परास्त गर्न सकिने किसिमको कार्ययोजना बनाई लागू गर्ने व्यवस्था मिलाउने,

(थ) यथासम्भव कार्यालय तथा आवासको भवनमा बाहिरबाट सजिलै प्रवेश गर्नको लागि उपयोग हुन,

(द) मिशनमा जाँदा उपलव्ध भएसम्म आवश्यक सामग्रीहरू जस्तै: मोबाइल फोन, आवश्यक टेलिफोन नम्बरहरू, सलाई तथा मैनबत्ती, पानी, हल्का खाद्यसामग्री, प्राथमिक उपचार सामग्री, अग्नि निरोधक सामग्री, मौसम अनुसार उपयुक्त कपडा, टर्च लाइट, आवश्यक

पैसा, हिँड्न सजिलो हुने जुत्ता, सम्बन्धित मानव अधिकार रक्षकको पहिचान खुल्ने पोशाक आदि साथमा राख्ने,

(ध) गोप्य सूचनाहरू थाहा पाउनै पर्ने सम्बन्धित व्यक्ति बाहेक अरुलाई नदिने,

(न) विशेष सावधानीको रूपमा भ्रमणबाट फर्किने अनुमानित समय उल्लेख गरी निरन्तर रूपमा कार्यालय तथा आफन्तको सम्पर्कमा रहने,

(प) विशेष परिस्थिति उत्पन्न भई कसैले कब्जामा लिई जीवन जोखिममा पर्ने सम्भावना भएमा आत्मरक्षाको लागि आत्मसमर्पण लगायतको हरेक प्रयास गर्ने लगायत विषयहरू समावेश गरीएका छन् ।

१०) मानव अधिकार आयोगले यस मार्ग निर्देशिकाको पालनको लागि एउटा समिति पनि बनाउने उल्लेख गरेको छ । यो मार्ग निर्देशिकाको पालना गर्नु मानव अधिकार रक्षकको कर्तव्य हुनेछ । यसको पालना भए नभएको सम्बन्धमा अनुगमन र कारवाही चलाउने तथा मानव अधिकार रक्षकहरूको सुरक्षा सम्बन्धी प्रवन्ध मिलाउने प्रयोजनको लागि देहाय बमोजिमको अनुगमन र अनुशासन समिति रहनेछ ।

(क) अनुगमन तथा अनुशासन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(१) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य- संयोजक

(२) मानव अधिकारको क्षेत्रमा क्रियाशील नागरिक समाजको प्रतिनिधि (१ जना महिला सहित जम्मा २ जना)- सदस्य

(३) नेपाल बार एशोसियनको अध्यक्ष वा निजले तोकेको वरिष्ठ अधिवक्ता वा अधिवक्ता- सदस्य

(४) नेपाल चिकित्सक सङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (चिकित्सक)- सदस्य

(५) गैर सरकारी संस्था महासङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि- सदस्य

(६) नेपाल पत्रकार महासङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि- सदस्य

(क) समितिको सदस्य हुनको निमित्त मानव अधिकार सम्बन्धी तथा कानुन व्यवसायको सम्बन्धित क्षेत्रमा कम्तीमा १५ वर्ष काम गरेको हुनु पर्नेछ ।

(ख) समितिको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्:

(१) मानव अधिकार रक्षकले यो मार्ग निर्देशिका उल्लङ्घनगरेको भन्ने विषयमा उजुरी प्राप्त गर्ने,

(२) उजुरी उपर छानवीन गर्ने,

(३) मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धी विवाद पर्न आएमा आवश्यक कारबाही गर्ने,

(४) उजुरी उपरको छानवीनबाट यो मार्ग निर्देशिकाको कुनै व्यवस्था उल्लङ्घन गरेको पाइएमा समितिले निजलाई उल्लङ्घनको गम्भीरताको मात्रा अनुसार चेतावनी दिने, आइन्दा मार्ग निर्देशिका उल्लङ्घन नगर्ने व्यहोराको कागज गराई अभिलेखिकरण गर्ने, क्षमा दिने, मार्ग निर्देशिका उल्लङ्घन गरेको भनी आयोगको सूचना पाटीमा नाम उल्लेख गर्ने,

(५) मानव अधिकार रक्षकहरूको जीवन र सम्पतिको सुरक्षा कायम गर्ने सम्बन्धमा समितिले नेपाल सरकार, व्यवसायिक सङ्गठन, नागरिक समाज लगायतका संस्थाहरूसँग समन्वय गरी काम गर्नेछ ।

(६) यस व्यवस्था बमोजिम कारवाही भएका मानव अधिकार रक्षकले त्यस्तो गल्ती बारम्बार दोहोऱ्याएमा समितिले निजलाई अविश्वसनिय व्यक्ति घोषणा गरी निजको नाम सार्वजनिक गर्न सक्नेछ । सो कार्य गर्नु पूर्व सम्बन्धित मानव अधिकार रक्षकलाई प्रष्टिकरणको समय र अवसर प्रदान गरिनेछ ।

(७) समितिको निर्णय बहुमतको आधारमा हुनेछ । संयोजकले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय उपर आयोगमा सम्बन्धित व्यक्तिले पुनरावेदन गर्न सक्नेछ ।

(९) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(१०) समितिको सचिवालय आयोगमा रहनेछ, आयोगको कानुन विभागका प्रमुखले समितिको सचिव भई काम गर्नेछ ।

(११) समितिको निर्णय पालन गर्नु सबै मानव अधिकार रक्षकको कर्तव्य हुनेछ भनि उल्लेख गरिएको छ ।

११) मानव अधिकार रक्षकहरूको सुरक्षा र राज्यको दायित्वको सम्बन्धमा यस निर्देशिकामा निम्न बमोजिम उल्लेख गरिएको छ ।

(क) मानव अधिकार र स्वतन्त्रताको संवर्द्धन, संरक्षण र सम्मान गर्नु र त्यसको निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हुनेछ ।

(ख) मानव अधिकारको संवर्द्धन, संरक्षण र सम्मानको निमित्त राज्यले कानुनी, न्यायिक तथा प्रशासनिक लगायतका माध्यम अवलम्बन गर्नुपर्नेछ ।

(ग) मानव अधिकार रक्षकहरूलाई कानुन बमोजिम आवश्यक सूचनाहरू प्रदान गर्नु राज्य तथा अन्य निकायहरूको कर्तव्य हुनेछ ।

(घ) जोखिम र खतराको अवस्थामा रहेका मानव अधिकार रक्षकहरूको तुरुन्त उद्दार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हुनेछ ।

(ङ) मानव अधिकारको संवर्द्धन, संरक्षण र सम्मान गर्ने विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दिइएको उच्चतम महत्वलाई दृष्टिगत गरी सो काममा संलग्न मानव अधिकार रक्षकहरूको जीवन तथा सम्पतिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हुनेछ ।

(च) मानव अधिकार रक्षकहरूको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नुपर्नेछ ।

(छ) मानव अधिकार रक्षकको रूपमा काम गर्दा आइपर्ने जोखिमलाई रोकथाम र अन्त्य गर्न आयोगले विशेष पहल गर्नेछ ।

(ज) मानव अधिकारको संवर्द्धन र संरक्षणमा योगदान गर्नु लोकतान्त्रिक राजनीतिक दलको कर्तव्य हुने सम्झी मानव अधिकार रक्षकहरूको सुरक्षामा सहयोग गर्नु राजनीतिक दलहरूको कर्तव्य हुनेछ ।

१२) समाजमा मानव अधिकारको संवर्द्धन र संरक्षणको काममा क्रियाशील मानव अधिकार रक्षकहरूको भूमिका प्रभावकारी, उत्तरदायीपूर्ण र पारदर्शी बनाउन आयोगले निम्न गतिविधिहरू सञ्चालन गर्नेछ ।

(क) मानव अधिकार रक्षकहरूको सुरक्षाको निमित्त राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक पहल गर्नेछ ।

(ख) आयोगले मानव अधिकार रक्षकहरूको मानव अधिकारको रक्षामा संलग्न संस्थाहरूबीच समन्वयकारी भूमिका खेल्नेछ ।

ग) आयोगले मानव अधिकार रक्षकहरूको हित र सुरक्षाको निमित्त राज्यतथा अन्य निकायहरूसँग समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछ ।

(घ) आयोगले मानव अधिकार र व्यक्तिगत स्वतन्त्रता उपर कुनै सीमा लगाउने कानुन, नीति र काम भएको पाएमा मानव अधिकार रक्षाको काममा संलग्न संस्थाहरूसँग समन्वय गरी एकवद्ध भई त्यस्तो कानुन, नीति र काम रोकथाम गर्न प्रयत्न गर्नेछ ।

(ङ) आयोगले घाइते, बन्धक तथा ज्यान जोखिममा परेका मानव अधिकार रक्षक लगायतका व्यक्तिको उद्दार र स्वास्थ्य उपचारको लागि तुरुन्त पहल गर्नेछ ।

(च) आपतकालीन अवस्थामा मानव अधिकार रक्षकहरूमथि आइपर्ने सबैखाले जोखिमबाट जोगाउन भरमग्दुर प्रयत्न गर्नेछ ।

(छ) मानव अधिकार रक्षकहरूको भूमिका सीमित गर्ने र उनीहरूको काममा अंकुश लगाउन गरिएका राज्यगत वा सरकारी गतिविधिहरू रोकथाम र न्यूनीकरण गर्न आयोगले पहल गर्नेछ ।

१३) यस निर्देशिकामा मानव अधिकार रक्षकहरूलाई सहयोग र समन्वय गर्नुपर्ने सम्बन्धमा आयोगबाट निम्नलिखित व्यवस्थाहरू गरिएको छः

(क) मानव अधिकार रक्षकहरूलाई निजहरूको कामको सिलसिलामा राज्यगत तथा गैरराज्यगत निकाय, निजीक्षेत्र, सामाजिक सङ्घसंस्था, गैसस एवम् सर्वसाधारण सबैले सहयोग गर्नुपर्नेछ ।

(ख) मानव अधिकार रक्षकले आफ्नो कामको सिलसिलामा सम्बन्धित सबै वर्ग, समुदाय र तप्काका व्यक्ति एवम् सङ्घसंस्थासँग समन्यव गरी कार्य गर्नुपर्नेछ ।

(ग) विपन्नता, अज्ञानता लगायतका कारण मानव अधिकारको सेवा प्राप्त गर्न नसकिरहेका व्यक्ति र समुदायलाई सो सेवा उपलब्ध गर्नु गराउनु मानव अधिकार रक्षकहरूको प्राथमिक कर्तव्य हुनेछ। मानव अधिकार रक्षकले मानव अधिकार सम्मत विषयहरूमा मेलमिलाप लगायतका उपयुक्त उपायहरू अवलम्बन गर्न सक्नेछन्।

(ङ) मानव अधिकार रक्षकहरूलाई मानव अधिकार संवर्द्धन र संरक्षणको सम्बन्धमा कानुन मुताबिक काम गर्न र सूचनाको अधिकार प्राप्त गर्ने कार्यमा सहयोग गर्नुपर्नेछ। त्यसैगरी, आयोगले मानव अधिकार रक्षकहरूसँग सम्पर्क र समन्वय राखी मानव अधिकारको संवर्द्धन र संरक्षण गर्नको साथै उनीहरूको गतिविधिहरू गुणस्तरीय र प्रभावकारी बनाउन सम्बन्धित विषयमा क्षमता अभिवृद्धिका लागि तालिम र अन्तरक्रिया गर्नेछ।

१४) मानव अधिकार रक्षकसम्बन्धी तालिमका विधिहरू

मानव अधिकारको परिपालना र कार्यान्वयनलाई प्रभावकारी बनाउन मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्ति, संस्था र समूहलाई समय समयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दस्तावेजसँग परिचित गराउन र मानव अधिकारको विषयमा अनुगमन, अनुसन्धान, वकालत, प्रतिवेदन लेखन गर्न चेतना अभियान चलाउन तालिमहरूको आवश्यकता पर्दछ। प्रभावकारी तालिम र तालिमबाट सिकेको विषयवस्तुले मानव अधिकार रक्षकलाई मात्र नभई यसले अधिकारका लागि पीडित व्यक्ति र जिम्मेवार राज्यका पदाधिकारीहरूलाई समेत हौसला प्रदान गर्छ भने अर्कोतिर मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डभित्र बसेर कसरी मानव अधिकार क्षेत्रमा काम गर्ने भनी दायित्वको बोधसमेत गराउँछ।

कुनै पनि तालिमको सञ्चालन गर्न तालिम पूर्व केही तयारीहरू आवश्यक पर्दछन् जसअनुसार पहिलो कुरा तालिमको लागि कस्तो किसिमको तालिम र किन चाहियो भनी निर्क्यौल गर्नुपर्ने हुन्छ। तालिमका विभिन्न चरणहरू जस्तै तालिम योजना, विषयवस्तुको तयारी, आयोजना र तालिम दिने कुराका साथै तालिम पश्चात् तालिमको मूल्याङ्कन र Follow-up गर्ने विषयहरू पनि महत्वपूर्ण हुन्छन्। तालिमका विधि

तथा प्रक्रियाहरू विविध हुन्छन् । यो विभिन्न खालको अवस्था तथा आवश्यकताहरूको आधारमा तय गरिने विषय पनि हो । यद्यपि मानव अधिकार रक्षकहरूको तालिमका लागि आधारभूत रूपमा निम्न लिखित केही विधि र प्रक्रियाहरूको अवलम्वन गर्न सकिन्छ ।

क) विषय प्रस्तुतिकरण (Lecture Method)

ख) समूहगत प्रस्तुति/छलफल (Group presentation)

ग) व्यवहारिक पद्धति (Practical Approuch)

घ) दृश्यहरूको अवलोकन तथा प्रस्तुति (Audio/Visual documentary)

ङ) समकालीनहरूसँग छलफल (Peer-group discussion/sharing)

च) नाटक तथा कला मञ्चन (Demo/Drama/Art presentation)

तालिमको तयारीको क्रममा Pre-assessment गर्दा निम्न कुराहरूको जानकारी लिन आवश्यक हुन्छ। तालिमको सफलताको मापक भनेको तालिमको सही व्यवस्थापन Organisation, Knowledge र skills को सही delivery, tools/resources को प्रयोग र सहभागीहरूको सिकाइ, उनीहरूको Attitude / Behaviaur मा आउने परिवर्तन र कार्यान्वयनले निर्धारण गर्दछ ।

तालिममा सहभागी हुने मानव अधिकार रक्षकको बारेमा केही कुरा Pre-assessment बाट थाहा पाउन जरुरी हुन्छ । यसले प्रशिक्षकलाई सोहीअनुसारका तालिमको विषयवस्तु, भाषा र समय निर्माण गर्न मद्दत पुग्छ । Training need Assessment गर्दा निम्न कुराहरूको जानकारी आवश्यक छ ।

(क) उमेर

(ख) लिङ्ग वा लैङ्गिक अवस्था

(ग) जनजात, संस्कृति तथा भाषाहरू

(घ) अपाङ्गता वा अन्य अवस्थाहरू

(ङ) शिक्षा तथा चेतनाको अवस्थाहरू

(च) खास जिम्मेवारी वा चाखका विषयहरू

(छ) मानव अधिकार सम्बन्धमा चाख, चेतना, ज्ञान तथा अवधारणा

(ज) उत्पेरणा तथा तत्परता आदि लगायत अन्य आवश्यक विषयहरूको बारेमा विचार गर्नु पर्छ ।

तालिमका विधिहरूमध्ये सहभागिताको आवश्यकता अनुसार तलका मध्ये केही वा सबै सर्त अवलम्बन गरी तालिम सञ्चालन गर्न सकिन्छ । ती हुन्:

- विषयवस्तुमा छलफल तथा मन्थन गराउने
- कुनै मुद्दा तथा खास विषयमा विभिन्न प्रकारबाट छलफल तथा अध्ययन
- कुनै विषयवस्तुको बारेमा गोलाकार रूपमा रहेर छलफल गर्ने
- कुनै विषयमा सकारात्मक तथा नकारात्मक दुई प्रकारबाट वादविवाद गराउने
- प्रहसन तथा नाटकको मञ्चन
- सम्बन्धित विषयमा प्रत्यक्ष रूपमा क्षेत्रगत भ्रमण गराउने
- समूह तथा प्यानल बनाई प्रस्तुतिकरण गर्ने गराउने
- ठिक तथा बेठिक प्रश्न तथा उत्तरबाट सिकाउने
- व्यक्तिका अनुभव तथा कामहरूको प्रस्तुतिकरण

मानव अधिकार रक्षकहरूले लिने तालिमले व्यवस्थित रूपमा ज्ञान र सिपको विकास गरी आफ्ना व्यवहार र मानसिकतालाई प्रोत्साहित गरी मानव अधिकारको संरक्षक र संवर्द्धनमा उत्साहित बनाउनु पनि हो । तालिम सञ्चालनको लागि तालिमका विविध चक्रहरू वा प्रक्रियाहरू पूरा भएको हुनु पर्छ जसलाई निम्नलिखित रूपमा उल्लेख गरिन्छ ।

१. योजना (Plannng phase) यस चरणमा तालिमका लागि चाहिने- Training needs assesment) विषयवस्तु व्यक्तिगत र संस्थागत (Assessing individual and organizational learning needs) को समीक्षा तथा मूल्याङ्कन गरिन्छ ।

२. तालिम बनावट तह (Design phase): यसमा तालिमको उद्देश्य, उपलब्धी र लक्ष्यहरूबारे विस्तृत विषयवस्तु समेटिन्छ ।

३. तालिम सञ्चालन (Delivery phase): तालिमका के कस्ता विधि, प्रक्रिया र भाषा प्रयोग गरी सहभागीहरूलाई बढीभन्दा बढी उत्साही र सक्रिय बनाउने जस्ता विषयवस्तुहरू केन्द्रित हुन्छ ।

४. तालिमपश्चात् मूल्याङ्कन (Follow-up phase):

यस चरणमा तालिमबाट सिकेका विषयवस्तुहरू आफ्नो कार्यक्षेत्रमा व्यवहारमा के कसरी लागु गर्‍यो र यसको असर के कस्तो देखियो भन्ने विषयमा केन्द्रित हुन्छ । तालिमका विधिहरू अपनाउँदा सबैको सहभागिता हुने र सक्रियरूपमा सबै सहभागीहरूले आफ्नो भूमिका निर्वाह गर्ने तरिकाले संचालन गर्नुपर्ने हुन्छ ।

सहभागितामूलक तालिम विधि (Participatery training techniques) विधिअन्तर्गत निम्न तरिका अवलम्बन गर्न सकिन्छ ।

क) मन्थन (Brainstorning): कुनै विषयवस्तुमाथि एउटा प्रश्न राखी पालैपालो सबै सहभागीको विचार लिने र सो विचारको मूल बुँदा फ्लीप चार्टमा लिपीबद्ध गर्ने (रेकर्ड गर्ने) र सबैको छलफलबाट एउटा साझा निष्कर्ष निकाल्ने । यो विधि १५-३० मिनेटसम्म राख्न सकिन्छ ।

ख) चक्रीय विधि: तालिम हलभित्र भिन्न ३-४ वटा फ्लीप चार्टहरूमा फरक फरक प्रश्नहरू राख्ने र समूहगत रूपमा सहभागीहरूलाई विभाजन गरेपश्चात् एउटा समूहलाई एउटा फिलीपचार्टमा भएको प्रश्नमा छलफल गराउने र फेरि अर्को समूहलाई ल्याउने यसरी यो प्रक्रियामा प्रत्येक समूहलाई प्रत्येक फ्लीप चार्टमा भएको प्रश्नमा १५-२० मिनेट सम्म छलफल गराउने र निष्कर्ष निकाल्ने ।

ग) मुद्दाको अध्ययन् (Case study): सहभागीहरूलाई समूहगत विभाजन गरी एउटा-एउटा Case/problem दिने र सो Problem र Case को विश्लेषण र समाधान निकाल्न लगाउने र समूहगत प्रस्तुतिकरण गर्न लगाउने ।

घ) सहभागीलाई गोलाकार घेरामा राख्ने (Circle Response): सम्पूर्ण सहभागीहरूलाई विभिन्न समूहमा बाँडि प्रत्येक समूहलाई Circle मा राख्ने र प्रश्न राखी प्रत्येक सहभागीसंग विचार/मंथन वा जवाफ लिने ।

ङ) सहभागी बिच वाद-विवाद (Debate): सबै सहभागीहरूलाई एउटा कुनै विषयवस्तुको विषयमा वादविवाद गराउने र एउटा निष्कर्षमा पुग्ने ।

च) विशेष समुहगत प्रस्तुति (Panel Presentations/Participatory presentation): सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी विभिन्न विषयगत प्रश्नमा छलफल गराई समूहको तर्फबाट प्रस्तुतिकरण गर्न लगाउने ।

छ) साथीहरूबाट छलफल गराउने (Peer-learning Discussion): सहकर्मीहरू तथा साथीहरूकोबिचमा खुल्ला समूहगत छलफलमा सहभागीहरूलाई एक अर्का सहभागी सँग आ-आफ्नो अनुभव र सिकाइको बारेमा छलफल गर्ने ।

ज) प्रश्न तथा उत्तर विधि (Quiz/Questionaire): सहभागीहरूलाई स-सानो छोटो प्रश्नहरू विभिन्न विषयगत र Mutiple Choice बाट छलफल गराउने ।

झ) नाटक मञ्चन (Role–Play in open space): सम्पूर्ण सहभागीहरूलाई हलभित्र वा खुल्ला ठाउँमा भेला गरी एउटा प्रश्न राखी त्यसमा कुनै नाटकको माध्यमबाट सबैले छलफल गर्ने ।

अन्त्यमा मानव अधिकार रक्षकहरूको परिचय, अधिकार तथा कर्तव्य सम्बन्धमा विभिन्न दस्तावेजहरूमा उल्लेख गरिएको भए पनि यस सम्बन्धमा हाम्रो देशमा खासै दस्तावेजहरू उपलब्ध छैनन् । हाम्रो सम्बन्धमा मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वको सम्बन्धमा कुनै खास दस्तावेजहरू नभए पनि यस क्षेत्रमा विगत लामो समयदेखि मानव अधिकार रक्षकहरू क्रियाशील रहेको अवस्था छ । मानव अधिकार रक्षकहरूका लागि तालिम तथा सचेतना कार्यक्रमहरू विभिन्न सङ्घसंस्थाहरूबाट विगतदेखि भइरहेका छन् । तर यस तालिम पुस्तिकाबाट यस मानव अधिकार रक्षकहरूको पहिचान तथा सिकाइ पद्धतिमा थप केही सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

सन्दर्भ सामग्रीहरू

पुस्तक तथा प्रतिवेदनहरू

1. Defending Human Rights: A resource book for human rights defenders (2nd ed.), Published 2012 East and Horn of Africa Human Rights Defenders Project Human Rights House, Plot 1853, Lulume Rd., Nsambya P.O Box 70356 Kampala Uganda.
2. New Protection Mannual for Human Rights Deffenders, Researched and Written by Enrique Eguren and Marie Caraj, Protection International (PI), Published by Protection International 2009, Rue de la Linière, 11,B-1060 Brussels, Belgium.
3. Protecting Human Rights Defenders, Edited by Alice M. Nah, Published by Routledge Studies in Human Rights, 2020

राष्ट्रिय कानुनहरू

१) नेपालको संविधान, २०७२

२) संस्था दर्ता ऐन, २०३४

३) यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

४) मानव अधिकार आयोग ऐन, २०६८

५) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

६) मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय (प्रस्तावित) कार्ययोजना, २०७६–२०८०

७) मानव अधिकार रक्षकहरू सम्बन्धित प्रस्तावित कानुन, २०६६ (अनौपचारिक क्षेत्र सेवा केन्द्र, नेपाल)

अन्तर्राष्ट्रिय कानुनहरू

१) संयुक्त राष्ट्रसङ्घको बडापत्र, १९४५

२) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

३) राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६

४) मानव अधिकार रक्षकहरूको घोषणापत्र, १९९८

Websites

1. www2.ohchr.org.enghish/issue defendens_ (Resdltion7/8 onthe mandate of spcial refpporteur on th estudean of HRDs_
2. www.ohchr.org.Dorumects/publization. feet sheet-29/.pdt.)
3. www.opmcm.gov.np/download
4. www.moha.gov.np/post/press-release-2034
5. www.mohp.gov.np/home/#2
6. www.insec.org
7. www.nayapatrikadaily.com/epaper/19-10-2020
8. www.nhrcnepal.org
9. www.fnjnepal.org/en
10. www.defenddefenders.org
11. www.protectioninternational.org/wp-content/ uploads/ 2012/04/ Protection-Manual-3rd-Edition.pdf
12. www.amnesty.org and web.amnesty.org/pages/hrd-index-eng
13. www.ishr.ch (The HRD Office of the International Service for Human Rights in Geneva)
14. www.frontlinedefenders.org (Front Line, The International Foundation for Human Rights Defenders)

नेपाल सरकार

गृह मन्त्रालय

(मानव अधिकार प्रवर्द्धन शाखा)

फोन नं. ०१४२११२७९

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६६

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०७७/१०/१२

श्री राष्ट्रिय मानव अधिकार आयोग,
केन्द्रिय कार्यालय, हरिहर भवन, पुल्चोक, ललितपुर ।

बिषयः"मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश २०७७" को छायाँप्रति पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा "मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश २०७७" मिति २०७७/१०/०२ मा नेपाल सरकार (माननीय गृहमन्त्री स्तर) बाट स्वीकृत भएकोले उक्त आदेशको छायाँ प्रति आवश्यक जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

(रमिहरि शर्मा)
उप-सचिव

"मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश २०७७"

नेपाल सरकार

गृह मन्त्रालय

कानून महाशाखा

(मानव अधिकार प्रवर्द्धन शाखा)

मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण सम्बन्धि आदेश, २०७७

नेपाल सरकार, गृह मन्त्रालय
(मा.मन्त्रिस्तर) बाट स्वीकृत मितिः

प्रस्तावना: मानव अधिकारकर्मीहरुले मानव अधिकार संरक्षणको कार्य गर्दा भोग्नु पर्ने जोखिमको अन्त्य गर्न, मानव अधिकार हननको बिषयमा कुनै सूचना वा समाचार संकलन गर्दा हुन सक्ने आक्रमण तथा हत्या सम्बन्धमा तुरुन्त कानुनी कारवाही चलाई त्यस्ता अपराधमा संलग्नलाई कानुन बमोजिमको कारवाही गर्न र पीडित मानव अधिकारकर्मी वा निजका परिवारका सदस्यलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन तथा मानव अधिकारकर्मीहरु उपर आउन सक्ने धम्की वा शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न संयुक्त राष्ट्रसंघीय महासभा द्वारा सन् १९९८ मा पारित मानव अधिकार रक्षकहरुको घोषणा पत्र लगायतका अन्तर्राष्ट्रिय महासन्धि अनुरुप मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षण गर्न नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ बमोजिम नेपाल सरकार, गृह मन्त्रालय (मा.मन्त्रिस्तर) बाट यो आदेश बनाई लागू गरिएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो आदेशको नाम " मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण सम्बन्धि आदेश २०७७ " रहेको छ ।

२. यो आदेश मा. गृहमन्त्रीबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

३. हरेक मानव अधिकारकर्मीलाई निजको कार्य सम्पादनका क्रममा देहाय बमोजिमका सुरक्षा र संरक्षण प्रत्याभूत गरिएकोले सो को पालना गर्नु हरेक पदाधिकारी एवं सुरक्षाकर्मीहरुको कर्तव्य हुनेछ ।

३.१ मानव अधिकारकर्मीले ब्यक्तिका नैसर्गिक अधिकारको संरक्षण वा पुनर्बहालीको लागि कुनै ब्यक्ति, राज्यका कुनै पदाधिकारी वा निकाय वा कुनै अंगका बिरुद्ध बिना हातहतियार, शान्तिपूर्ण र कुनै कानुनले अपराध मानेको बाहेकका कार्य गरेकोमा त्यस्ता मानव अधिकारकर्मीलाई उक्त कार्य गर्न निषेध गर्ने, धरपकड गर्ने वा मुद्धा चलाउने कार्य गरिने छैन।

१

३.२ मानव अधिकारकर्मीलाई कुनै ब्यक्तिको बैयक्तिक स्वतन्त्रताको अपहरण गरेको बिषयमा परेको उजुरी वा प्राप्त सूचनाको आधारमा त्यस्ता पदाधिकारी वा निकाय वा अंगसँग जानकारी माग्ने हक हुनेछ । त्यस्ता बिषयमा जानकारी दिनु राज्यका त्यस्ता पदाधिकारी वा निकाय वा अंगको दायित्व हुनेछ।

३.३ ब्यक्तिको बैयक्तिक स्वतन्त्रताको अपहरण गरेको बिषयमा राज्यका पदाधिकारी वा निकाय वा अंगले त्यस्तो सूचना नदिएमा मानव अधिकारकर्मीलाई राष्ट्रिय सूचना आयोगमा उजुरी दिने हक हुनेछ।

३.४ त्यसरी सूचना माग गरे वा उजुरी दिए उपर मानव अधिकारकर्मीलाई थुनछेक, धरपकड वा कुनै फौजदारी मुद्धा चलाइने छैन।

३.५ मानव अधिकारकर्मीले मानव अधिकार हननको बिषयमा कुनै सूचना वा समाचार संकलन गर्दा हुन सक्ने आक्रमण वा हत्या जस्ता अपराधहरुमा पर्न सक्ने शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न राज्यका सुरक्षा निकायबाट बिशेष सतर्कता अपनाइनेछ।

३.६ मानव अधिकारकर्मी माथि उल्लिखित क्षति पुर्याउने ब्यक्ति वा पदाधिकारीका बिरुद्ध प्रचलित कानून बमोजिम कानूनी कारवाही चलाइनेछ ।

३.७ कुनै किसिमका आन्दोलन वा विरोध प्रदर्शनका समयमा मानव अधिकार हननको बिषयमा सूचना प्रवाह गर्न खटिएका मानव अधिकारकर्मीको बिशेष सुरक्षाको प्रबन्ध र संरक्षण राज्य पक्षबाट गरिनेछ।

३.८ महिला र फरक क्षमता भएका मानव अधिकारकर्मीको सुरक्षा र संरक्षणको बिशेष प्रबन्ध गरिनेछ।

३.९ हरेक मानव अधिकारकर्मीलाई नेपाली नागरिकलाई नेपालको संबिधानले प्रत्याभूत गरेका बिचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने, सभा सम्मेलन गर्ने, नेपालको जुनसुकै भागमा आवतजावत गर्ने लगायतका मौलिक हकको निर्बाध उपभोग गर्ने पूर्ण हक हुनेछ । मौलिक हक उल्लंघन गरिएमा सोको प्रचलनका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत अदालतमा निवेदन दायर गर्ने हक हुनेछ ।

३.१० संविधान र प्रचलित कानून बमोजिम प्रत्याभूत गरिएका हकको प्रतिकूल कार्य गर्ने पदाधिकारीलाई बिभागिय कारवाही गरि प्रचलित कानून बमोजिमको कारवाही समेत गरिनेछ।

३.११ नेपाल प्रहरीले आफ्नो कार्यक्षेत्र भित्र मानव अधिकारकर्मी र सो संग सम्बन्धित संघ संस्थाहरुको विवरण अनिवार्य रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

२

३.१२ मानव अधिकारकर्मी माथि कुनै प्रकारको जीउ, ज्यान माथि खतरा हुने गरी डर, धाक, धम्की आएमा यसको मौखिक वा लिखित रुपमा नजिकैको प्रहरी कार्यालयमा सूचना दिन सकिनेछ । त्यस्तो उजुरीलाई प्रहरीले उच्च प्राथमिकतामा राखि अनुसन्धान गरी कानुनी कारवाही चलाउनुपर्नेछ ।

३.१३ मानव अधिकारकर्मीले कुनैपनि प्रहरी कार्यालयको थुनुवा कक्षको अवलोकनको लागि लिखित माग गरेमा बिना रोकटोक थुनुवा कक्षको अवलोकन गर्ने लगायत मानव अधिकारको अनुगमन गर्ने व्यवस्था मिलाउने दायित्व प्रहरीको हुनेछ ।

३.१४ कुनै नारा, जुलुस, विरोध सभा जस्ता कार्यक्रमहरुमा अनुगमनका लागि लोगो र पोशाक लगाएका मानव अधिकारकर्मीको सुरक्षाको प्रत्याभूती राज्यले गर्नेछ ।

३.१५ मानवअधिकारकर्मीलाई सूचनाको हक हुनेछ । सूचनाको हक अन्तर्गत सार्वजनिक निकायसँग सूचना माग गर्दा सूचना नदिएमा, दिन इन्कार गरेमा, आंशिक वा गलत सूचना दिएमा वा सूचना नष्ट गरी दिएमा सरोकारवालाको कुनै हानी नोक्सानी हुन गएमा कानून बमोजिम क्षतिपूर्तीको व्यवस्था गरिनेछ ।

४. यस आदेशमा लेखिएका कुराहरु मध्ये प्रचलित कानूनमा लेखिएको कुराका हकमा सोही कानून बमोजिम र प्रचलित कानूनमा नलेखिएको कुराहरुका हकमा यसै आदेश बमोजिम हुनेछ ।

DRAFT

इन्सेक पुस्तक नं. १९७/२०७७

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ, नेपाल
फोन: ०१-५२१८७७०, फ्याक्स: ०१-५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org